# 2022-2023 विद्यालय वर्ष (जनवरी 4, 2023) का लागि विद्यालयको प्यान्डेमिक इलेक्ट्रोनिक बेनिफिट्स ट्रान्सफर (P-EBT) को बारेमा

*प्रायः सोधिने प्रश्नहरू (FAQs)*

---

**प्रश्न 1: P-EBT भनेको के हो?**

**जवाफ**: यो कोभिड-19 का कारणले विद्यालय बन्द भएको र विद्यालयमा अनुपस्थित हुन परेकाले प्रभावित भएका परिवारहरूलाई मद्दत गर्नका लागि संघीय सरकारले पारित गरेको एक अस्थायी खाद्यान्न लाभ हो।

---

**प्रश्न 2: P-EBT लाभहरूका लागि को योग्य छ?**

**जवाफ**: नेशनल स्कूल लन्च प्रोग्रामअन्तर्गत विद्यालयमा सामान्यतया निःशुल्क वा मूल्य घटाइएको भोजन प्राप्त गर्ने विद्यार्थीहरूका भर्मन्ट परिवारहरू (कृपया यस विद्यालय वर्षमा युनिभर्सल स्कूलको भोजनका बारेमा प्रश्न 3 पनि हेर्नुहोस्)। निम्न अवस्थामा एक महिनाका लागि लाभहरू उपलब्ध हुन्छन्:

- विद्यार्थीले उक्त महिनामा कोभिडको कारणले गर्दा क्षमायोग्य अनुपस्थिति पाउनुभएको थियो **र**
- विद्यार्थीको विद्यालय P-EBT का लागि "योग्य" भएको छ। *विद्यालय P-EBT का लागि कसरी योग्य हुन्छ भन्नेबारे जान्न राज्यको योजना हेर्नुहोस्:* https://dcf.vermont.gov/esd/P-EBT ।

---

**प्रश्न 3: भर्मन्टमा युनिभर्सल स्कूल भोजनको के-कस्तो व्यवस्था छ? यसले P-EBT को योग्यतामा प्रभाव पार्छ?**

**जवाफ**: भर्मन्ट विधायिकाले भर्मन्टका सबै सार्वजनिक विद्यालय र केही स्वतन्त्र विद्यालयहरूमा युनिभर्सल स्कूल भोजनका लागि राज्य कोष प्रदान गर्ने कानुन, ऐन 151 (2022) पारित गरेको छ। यसको अर्थ, भर्मन्टका सबै सार्वजनिक विद्यालय र केही स्वतन्त्र विद्यालयहरू 2022-2023 को विद्यालय वर्षमा नेशनल स्कूल लन्च प्रोग्राममा सहभागी हुँदै छन् र CEP वा प्रावधान 2 सञ्चालन गर्दै छन् भन्ने बुझिन्छ। प्रत्येक विद्यालय योग्य ठहर भएपछि (माथिको प्रश्न 2 हेर्नुहोस्), यी विद्यालयहरूमा कोभिडको कारणले गर्दा विद्यालय छुटाएका सबै विद्यार्थीले छुटाएको दिनका लागि P-EBT लाभ प्राप्त गर्ने छन्। नेशनल स्कूल लन्च प्रोग्राममा सहभागी हुने र विद्यालयको भोजनबापत परिवारहरूसँग शुल्क लिने स्वतन्त्र विद्यालयहरूमा विद्यार्थीहरूले निःशुल्क वा मूल्य घटाइएको भोजनका लागि योग्य ठहर भएको अवस्थामा मात्र लाभ प्राप्त गर्ने छन्।

---

**प्रश्न 4: कोभिडको कारणले गर्दा क्षमायोग्य अनुपस्थितिका लागि को योग्य छ?**

**जवाफ:** कोभिडको कारणले गर्दा अनुपस्थित हुनु भनेको निम्नमध्ये कुनै पनि कारणले महिनाको अवधिमा विद्यालयबाट क्षमायोग्य अनुपस्थिति हुन पाउनु हो:

- कोभिड पोजिटिभ वा अनुमान गरिएको कोभिड रोग लागेमा,
- कोभिड पोजिटिभ भएको व्यक्तिसँग नजिकको सम्पर्क भएको पहिचान गरिएमा,
- कोभिडका लक्षणहरू देखिएर क्वारेन्टाइन बस्न र/वा कोभिड परीक्षण गर्न आवश्यक भएमा वा
- पोजिटिभ केस, कोभिडको कारणले गर्दा कर्मचारीको अभाव, कन्ट्याक्ट ट्रेसिङ आयोजना गर्ने आवश्यकतालगायत कोभिडको कारणले गर्दा अनियोजित कक्षाकोठा, ग्रेड वा विद्यालय बन्द वा रिमोट अध्ययनमा पारगमन, आदि।
- कोभिडको कारणले अनुपस्थिति हुनेसम्बन्धी थप विस्तृत जानकारीका लागि, कृपया https://education.vermont.gov/documents/definition-of-covid19-related-absences-for-purposes-of-issuing-pebt-benefits मा हेर्नुहोस्

---

## प्रश्न 5: हाम्रो विद्यालय हिउँ पर्ने दिन वा पानीको पाइप फुटेको वा हिटिङ सिस्टम भाँचिएको कारणले बन्द भएको थियो।  यसले ती छुटेका दिनहरूमा विद्यार्थीहरूलाई P-EBT का लागि योग्य बनाउँछ?

**जवाफ:** बनाउँदैन, कोभिडको कारणले गर्दा विद्यालय बन्द हुँदा मात्र गिन्ती हुन्छ।

---

## प्रश्न 6. मेरो परिवार योग्य भए/नभएको म कसरी पत्ता लगाउन सक्छु?

**जवाफ:** तपाईंको विद्यार्थीको विद्यालयले भर्मन्ट राज्यद्वारा उपलब्ध गराइएको मापदण्डका आधारमा तपाईंको विद्यार्थी योग्य हुनुहुन्छ वा हुनुहुन्न भनी निर्धारण गर्ने छ। विद्यालयले फाइलमा सही जानकारी भएको सुनिश्चित गर्नका लागि तपाईंलाई सम्पर्क गर्न सक्छ। कृपया उनीहरूको अनुरोधमा प्रतिक्रिया जनाउनुहोस्। तपाईं योग्य हुनुहुन्छ भने, तपाईंले बालबालिका तथा परिवार विभाग (DCF) बाट कसरी र कहिले लाभ प्राप्त गर्नु हुने छ भन्ने कुरा उल्लेख गरिएको एउटा पत्र प्राप्त गर्नु हुने छ।

---

## प्रश्न 7: मैले पछिल्लो विद्यालय वर्ष (2021-22) मा P-EBT कार्ड पाएको थिएँ तर अहिले मसँग त्यो कार्ड छैन। यसले समस्या निम्त्याउँछ?

**जवाफ:** DCF ले तपाईंलाई एउटा प्रतिस्थापन कार्ड पठाउन सक्छ।  अप्रिल 2023 मा पठाइने लाभसम्बन्धी सूचना पत्रहरूमा निर्देशनहरू समावेश गरिने छ।  कृपया तपाईंले नयाँ कार्ड पाउनुभयो भने त्यसलाई राख्नुहोस्।  यस विद्यालय वर्षमा एकभन्दा बढी चक्रमा भुक्तानीहरू हुने भएकाले यसमा अतिरिक्त लाभहरू थप्न सकिन्छ।

---

## प्रश्न 8: लाभहरू कहिले प्रदान गरिने छ?

**जवाफ:** सेप्टेम्बर 2022 देखि जनवरी 2023 सम्मको *पहिलो चक्रका लाभहरू अप्रिल 2023* मा प्रदान गरिने छ।  *फेब्रुअरी 2023 देखि जुन 2023 सम्मका लाभहरू अगष्ट 2023* मा प्रदान गरिने योजना छ। कृपया थप

विशिष्ट जानकारीका लागि DCF को वेबसाइट: https://dcf.vermont.gov/esd/P-EBT मा अद्यावधिक गरिएका प्रायः सोधिने प्रश्नहरू जाँच गर्न जारी राख्नुहोस्। कृपया विद्यालय वर्षको अवधिमा संघीय कोभिड-19 जनस्वास्थ्य आपतकालीन अवस्था समाप्त भएमा संघीय सरकारले यस विद्यालय वर्षमा P-EBT लाभहरू समाप्त गर्ने छ भन्ने कुरा ध्यानमा राख्नुहोस्। त्यस्तो अवस्थामा, यी प्रायः सोधिने प्रश्नहरू P-EBT उपलब्ध हुने अन्तिम महिनामा नोट गर्नका लागि अद्यावधिक गरिने छ।

---

**प्रश्न 9: P-EBT लाभ कति छ?**
**जवाफ:** विद्यार्थीले कोभिडको कारणले गर्दा क्षमायोग्य अनुपस्थिति पाएको प्रत्येक दिन P-EBT लाभ $8.18 हुन्छ।

---

**प्रश्न10: परिवारमा जति बच्चा भएपनि P-EBT लाभ एउटै हुन्छ?**
**जवाफ:** प्रत्येक विद्यार्थीले प्रत्येक महिना कोभिडको कारणले गर्दा पाएको क्षमायोग्य अनुपस्थिति दिनका आधारमा प्रत्येक विद्यार्थीका लागि मासिक लाभ रकम छुट्टाछुट्टै दिइन्छ। परिवारहरूले प्रत्येक महिना परिवारका प्रत्येक बच्चा P-EBT का लागि योग्य भएको दिनका आधारमा विभिन्न लाभहरू प्राप्त गर्ने छन्।

---

**प्रश्न 11: मेरो विद्यार्थीको संरक्षकत्व दुई परिवारबीच बाँडिएको छ। कसले लाभ प्राप्त गर्छ?**
**जवाफ:** विद्यार्थीको विद्यालयले "परिवारको मुली" भनेर सूचीबद्ध गरिएको वयस्कलाई लाभ पठाउने छ। यो विद्यार्थीको तर्फबाट निःशुल्क र मूल्य घटाइएको भोजनको आवेदन पेश गर्ने वयस्क वा विद्यालयको प्रणालीमा प्राथमिक सम्पर्कको रूपमा सूचीबद्ध गरिएको वयस्क हुन सक्छ। विद्यालयहरूले जनवरीमा "परिवारको मुली" को रूपमा कसलाई सूचीबद्ध गर्नुपर्छ भनेर पुष्टि गर्न परिवारहरूलाई सम्पर्क गर्दै छ। कृपया "परिवारको मुली" अद्यावधिक गर्नु परेमा विद्यालयमा सम्पर्क गर्नुहोस्।

---

**प्रश्न 12: मैले यो लाभबाट के-के किन्न सक्छु?**
**जवाफ:** USDA को वेबसाइटमा तपाईंले आफ्नो P-EBT लाभबाट किन्न सक्ने खाद्यान्न वस्तुहरू निम्न लिङ्कमा हेर्नुहोस्: https://www.fns.usda.gov/snap/eligible-food-items

---

**प्रश्न 13: मैले मेरो P-EBT कार्ड कहाँ प्रयोग गर्न सक्छु?**
**जवाफ:** तपाईं यसलाई 3SquaresVT स्वीकार गर्ने कुनै पनि स्थानमा योग्य खाद्यान्न वस्तुहरू किन्नका लागि प्रयोग गर्न सक्नुहुन्छ। यसमा भर्मन्टका किराना पसल, सुपरमार्केट, कन्भीनियन्स स्टोर र धेरै किसान बजारहरू समावेश हुन्छन्। DCF को वेबसाइट https://dcf.vermont.gov/benefits/ebt मा थप जान्नुहोस्।

---

**प्रश्न 14: मेरा बालबालिका विद्यालय जाँदैनन्। मैले यो लाभ प्राप्त गर्छु?**

**जवाफ:** यो लाभ सामान्यतया नेशनल स्कूल लन्च प्रोग्राममार्फत विद्यालयमा निःशुल्क वा मूल्य घटाइएको भोजन प्राप्त गर्ने र अहिले कोभिडको कारणले गर्दा अनुपस्थित भएकाले ती भोजन घरमा खानु परेका बालबालिकाहरूका परिवारहरूलाई मात्र र प्रश्न 16 मा सूचीबद्ध गरिएका आवश्यकताहरू पूरा गर्ने होम स्टडीका विद्यार्थीहरूलाई पनि उपलब्ध छ।

---

**प्रश्न 15: यो लाभ सार्वजनिक विद्यालयमा पढ्ने बच्चाहरूलाई मात्र उपलब्ध हुन्छ?**
**जवाफ:** छैनन्। नेशनल स्कूल लन्च प्रोग्राममा सहभागी हुने केही स्वतन्त्र विद्यालयहरू र ती विद्यालयहरूमा पढ्ने बालबालिकाहरू यो लाभ प्राप्त गर्नका लागि योग्य ठहर हुन सक्छन्। यद्यपि, धेरैजसो स्वतन्त्र विद्यालयहरू नेशनल स्कूल लन्च प्रोग्राममा सहभागी हुँदैनन् र त्यहाँ पढ्ने विद्यार्थीहरू योग्य छैनन्।

---

**प्रश्न 16: मेरो बच्चा यो वर्ष होमस्कूलमा भर्ना हुँदै छ। हामी लाभ प्राप्त गर्न योग्य छौँ?**
**जवाफ:** तपाईं यस विद्यालय वर्षमा संघीय सरकारको नयाँ मार्गदर्शनका आधारमा P-EBT लाभ प्राप्त गर्न योग्य ठहरिन सक्नुहुन्छ। होम स्टडीका निम्न विद्यार्थीहरू यो वर्ष P-EBT लाभ प्राप्त गर्न योग्य ठहरिन सक्छन्:

- 2022-2023 को विद्यालय वर्षमा शिक्षा एजेन्सीमार्फत होम स्टडीमा नामाङ्कित गरेका विद्यार्थी
- जनवरी 27, 2020 पछि केही समयका लागि होम स्टडीमा नामाङ्कित गरेका विद्यार्थी (जनवरी 27, 2020 अघि होम स्टडीमा नामाङ्कित गरेका विद्यार्थीहरू योग्य छैनन्)
- विद्यार्थीहरू जनवरी 2020 देखि भर्मन्टमा नयाँ छन् वा बच्चा यस विद्यालय वर्षमा किन्डरगार्टेन, पहिलो वा दोस्रो ग्रेडमा भएको कारण यसअघि भर्मन्ट स्कूलमा प्रत्यक्ष उपस्थितिमा अध्ययन गरेका छैनन् भने, आमाबुवा/अभिभावकले कोभिडसम्बन्धी चिन्ताहरूले गर्दा यस विद्यालय वर्षमा आफ्नो बच्चालाई होमस्कूलमा भर्ना गरेको उल्लेख गर्दै प्रमाणीकरण पूरा गर्नुहुन्छ।

---

**प्रश्न 17: शिक्षा एजेन्सीमार्फत होम स्टडीमा नामाङ्कित गरेका परिवारहरूले यस विद्यालय वर्षमा P-EBT लाभहरू प्राप्त गर्नका लागि आवेदन दिन आवश्यक छ?**
**जवाफ:** ठहराउँदैन। AOE र DCF ले होम स्टडीका P-EBT लाभहरू प्रदान गर्नका लागि फाइलमा भएको होम स्टडी नामाङ्कन जानकारी प्रयोग गर्ने छन्। भर्मन्टका सबै सार्वजनिक विद्यालयले प्रावधान 2 र CEP मार्फत निःशुल्क भोजन प्रदान गरिरहेको हुनाले, प्रश्न 16 मा सूचीबद्ध गरिएका आवश्यकताहरू पूरा गर्ने सबै होम स्टडीका विद्यार्थीहरूले निःशुल्क र मूल्य घटाइएको भोजन प्राप्त गर्न योग्य भएको कुरा बताउन नपरी लाभ प्राप्त गर्न सक्षम हुने छन्। AOE ले नामाङ्कन वा AOE सँग फाइलमा भएको सम्पर्क जानकारीको बारेमा कुनै पनि प्रश्न भएमा होम स्टडीका परिवारहरूलाई र कोभिडसम्बन्धी चिन्ताहरूले गर्दा यस विद्यालय वर्षमा बच्चालाई होमस्कूलमा भर्ना गरिँदै छ भनी पुष्टि गर्नका लागि प्रमाणीकरणहरू पूरा गर्न आवश्यक भएका परिवारहरूलाई पनि सम्पर्क गर्ने छ।

**प्रश्न 18: होम स्टडीको P-EBT लाभ कति छ?**
**जवाफ:** होम स्टडीको लाभ विद्यार्थीलाई AOE मार्फत होम स्टडीमा नामाङ्कित गरिएको सेप्टेम्बरदेखि जुनसम्मको प्रत्येक महिनाका लागि $143.15 छ। कृपया विद्यालय वर्षको अवधिमा संघीय कोभिड-19 जनस्वास्थ्य आपतकालीन अवस्था समाप्त भएमा संघीय सरकारले यस विद्यालय वर्षमा P-EBT लाभहरू समाप्त गर्ने छ भन्ने कुरा ध्यानमा राख्नुहोस्। त्यस्तो अवस्थामा, यी प्रायः सोधिने प्रश्नहरू P-EBT उपलब्ध हुने अन्तिम महिनामा नोट गर्नका लागि अद्यावधिक गरिने छ।

**प्रश्न 19: होम स्टडीको P-EBT लाभ कहिले प्रदान गरिने छ?**
**जवाफ:** होम स्टडीको लाभ मे 2023 मा एकमुष्ट दिइने छ र जुन महिनाभन्दा अगाडि संघीय जनस्वास्थ्य आपतकालीन अवस्था समाप्त नहुँदासम्म सेप्टेम्बरदेखि जुन महिनासम्मका लाभहरू समावेश हुने छन्। त्यस्तो अवस्थामा, यस विद्यालय वर्षमा यी प्रायः सोधिने प्रश्नहरू P-EBT उपलब्ध हुने अन्तिम महिनामा नोट गर्नका लागि अद्यावधिक गरिने छ।

**प्रश्न 20: विद्यालय बन्द हुँदा वा मेरो बच्चा अनुपस्थित हुँदा, हामी पार्सल भोजन लिएर जान्छौँ वा विद्यालयले घरमा भोजन पठाएको छ। मैले P-EBT लाभ प्राप्त गर्दा त्यस्तो गर्नुहुँदैन? त्यसले हामीलाई लाभ प्राप्त गर्नबाट अयोग्य ठहर गराउँछ?**
**जवाफ:** ठहराउँदैन। रिमोट अध्ययनका दिनहरूमा भोजन प्राप्त गर्ने विद्यार्थीहरू अझै पनि P-EBT लाभ प्राप्त गर्न योग्य छन्। तपाईं अझै पनि ती भोजन प्राप्त गर्न सक्नुहुन्छ र यो लाभ प्राप्त गर्न योग्य हुनुहुन्छ।

**प्रश्न 21: मेरा अन्य बालबालिका विद्यालय वा होम स्टडीमा नामाङ्कित भएका छैनन्। उनीहरू लाभ प्राप्त गर्न योग्य छन्?**
**जवाफ:** छैनन्। यो लाभ सामान्यतया नेशनल स्कूल लन्च प्रोग्राममा सहभागी हुने विद्यालयमा नामाङ्कित बालबालिकाहरूलाई वा AOE मार्फत प्रश्न 16 को मापदण्ड पूरा गर्ने होम स्टडीमा नामाङ्कित योग्य विद्यार्थीहरूलाई मात्र उपलब्ध छ।

**प्रश्न 22: मेरा बालबालिका नेशनल स्कूल लन्च प्रोग्राममा सहभागी हुने स्वतन्त्र विद्यालयमा अध्ययनरत छन्। यसअघि मेरा बालबालिका निःशुल्क वा मूल्य घटाइएको भोजन प्राप्त गर्न योग्य थिएनन् तर अहिले हाम्रो अवस्था परिवर्तन भएको छ। मैले P-EBT प्राप्त गर्न सक्छु?**
**जवाफ:** तपाईंको आर्थिक अवस्था परिवर्तन भएको छ भने, हामी तपाईंलाई निम्नका लागि आवेदन दिन प्रोत्साहित गर्छौं:

- **3SquaresVT** - तपाईंले मासिक लाभ प्राप्त गर्नुहुन्छ भने, तपाईंको बच्चा विद्यालयमा निःशुल्क भोजन प्राप्त गर्न योग्य छ र P-EBT लाभ प्राप्त गर्न सक्छ। DCF को वेबसाइट https://dcf.vermont.gov/benefits/3SquaresVT मा गएर कसरी आवेदन दिने भन्ने बारेमा बुझ्नुहोस्।

- **निःशुल्क वा मूल्य घटाइएको भोजन** – तपाईंको बच्चाको विद्यालयबाट वा शिक्षा एजेन्सीको वेबसाइट: https://education.vermont.gov/ मा आवेदन प्राप्त गर्नुहोस्। तपाईंको विद्यालयमा पेश गरिएका स्वीकृत आवेदनहरूले तपाईंको परिवारलाई सेप्टेम्बर 2022 सम्मका लाभहरू प्राप्त गर्न योग्य बनाउन सक्छन्।

---

**प्रश्न 23: मैले यो लाभ प्राप्त गर्न नचाहेमा के हुन्छ?**
**जवाफ:** सहभागिता स्वैच्छिक छ। तपाईंले सहभागी नहुने छनोट गर्नुहुन्छ भने:

- तपाईंको 3SquaresVT EBT कार्डमा प्रदान गरिएका अतिरिक्त लाभहरू प्रयोग नगर्नुहोस्। *वा*
- तपाईंलाई विशेष रूपमा प्रदान गरिएको P-EBT कार्डलाई म्याग्नेटिक स्ट्रिपले काटेर अथवा सुरक्षित तरिकाले टुक्रा-टुक्रा पारेर व्यवस्थापन गर्नुहोस्। तपाईं आफ्नो कार्ड अरू कसैलाई दिन सक्नुहुन्न।

---

**प्रश्न 24: P-EBT लाभहरू खर्च गरिएन भने तिनीहरूको म्याद समाप्त हुन्छ?**
**जवाफ:** हो। 274 दिनभित्र कार्ड प्रयोग गरिएन भने P-EBT लाभहरूको म्याद समाप्त हुन्छ।

---

**प्रश्न 25: मसँग थप प्रश्नहरू छन्। मैले थप कुरा कहाँ जान्न सक्छु?**
**जवाफ:** थप जानकारीका लागि https://dcf.vermont.gov/esd/P-EBT मा जानुहोस् वा 1-800-479-6151, विकल्प 7 मा कल गर्नुहोस्। कृपया तपाईंसँग निःशुल्क र मूल्य घटाइएको भोजन प्राप्त गर्ने तपाईंको विद्यार्थीको योग्यताबारे विशेष सरोकारहरू छन् वा परिवारको मुली वा कार्ड जारी गर्न प्रयोग गरिने पत्राचार ठेगाना परिवर्तन गर्न चाहनुहुन्छ भने आफ्नो विद्यार्थीको विद्यालयमा सम्पर्क गर्नुहोस्।